# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, वैशाख २६ गते २०५४ साल (अतिरिक्ताङ्क ६ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय अर्थ मन्त्री श्री रवीन्द्रनाथ शर्मा जापानको फूकुओकामा आयोजना हुने एशियाली विकास बैंकको ३० औं वार्षिक बैठकमा भाग लिने सिलसिलामा २०५४ साल बैशाख २६ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको अर्थ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय विना विभागीय मन्त्री श्री सर्वेन्द्रनाथ शुक्लले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी माल्दिभ्सको राजधानी मालेमा आयोजना दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को नवौं शिखर सम्मेलनका क्रममा हुने सार्क मन्त्रिपरिषद्को बैठकमा भाग लिने सिलसिलामा २०५४ साल बैशाख २६ गते त्यसतर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना मन्त्री श्री कमल थापाले सम्हाल्नु हुनेछ ।

हुकुमबक्से बमोजिम,

पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।